यस राजदूतावासको कार्यक्षेत्र अन्तर्गत पर्ने मुलुकहरूः फ्रान्स, पोर्चुगल, मोनाको तथा एण्डोराबाट मृतकको शव नेपाल झिकाउन वा विदेशमा दाहसंस्कार गर्नको लागि चाहिने कागजातहरूः

**विदेशबाट मृतकको शव नेपाल झिकाउनः**

१. कन्सुलर सेवा विभाग, त्रिपुरेश्वर, काठमाण्डौंमा मृतकको नजिकको कानुनी हकदारले शव नेपाल झिकाउनको लागि आवेदन गर्नुपर्ने हुन्छ। शव झिकाउन मृतकको नजिकको कानुनी हकदार स्वयं कन्सुलर सेवा विभाग, त्रिपुरेश्वरमा गई वा Online मार्फत फारम भरी आवेदन गर्न सक्नु हुनेछ। आवेदन गर्न निम्न बमोजिम व्यहोरा उल्लेख गरी कागजातहरू अपलोड वा विभागमा पेश गर्नुपर्ने हुन्छ।

- शव झिकाउनको लागि कन्सुलर सेवा विभाग, त्रिपुरेश्वर, काठमाण्डौंको वेबसाइट https://nepalconsular.gov.np/ मा गई Online Legal Services मा Click गरेर Online फारम भर्ने (मृतकको नजिकको कानुनी हकदारले भर्नुपर्ने)
- मृतक कार्यरत कम्पनीको नाम, ठेगाना र सम्पर्क नम्बर अनिवार्य उल्लेख गर्ने
- सम्भव भएसम्म मृतकको राहदानी (Passport) Scan Copy Upload गर्ने

नोटः Online फारम बाहेक आवश्यक कागजात Upload गर्नको लागि Add Document मा Click गरेर Upload गर्ने

२. मृतकको मृत्यु दर्ता प्रमाणपत्र (मृतक बसोबास गरेको देशको)

**बिदेशमा दाहसंस्कार गर्नको लागि चाहिने थप कागजातहरुः**

१. वडा/न.पा/गा.पा/जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

२. नजिकको कानुनी हकदारको मंजुरनामा (Affidavit)

*मंजुरनामा (Affidavit) नमुनाका लागि यहाँ Click गर्नुहोस

३. मृतकसँगको नाता प्रमाणपत्र

४. नजिकको कानुनी हकदारको नागरिकता वा नेपाल सरकारबाट जारी फोटो प्रमाणपत्र